## बैठक नं. २६१(३)२१
## मिति २०७८।०२।२४

### निर्णय

१. राष्ट्रिय सूचना आयोगका लागि आर्थिक वर्ष २०७८/७९ को बजेटमा नेपाल सरकारबाट रु. ४ करोड ९६ लाख विनियोजित भएको अवगत भयो । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ भन्ने व्यवस्था भए बमोजिम यस आयोगको गठन भएको हो । संवैधानिक हककारुपमा व्यवस्था भएको सूचनाको हकको सम्बर्द्धन र प्रचलन गर्न गराउन यस आयोगले सरोकारवालाहरुसँगको सहकार्यमा वार्षिकरुपमा नीति निर्माण, कार्यालय प्रमुख, सूचना अधिकारी, सांसद, न्यायाधीश, सर्वसाधरण नागरिक, सञ्चारकर्मी लगायतका लागि विविध प्रकारका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । यसैका कारण सूचनाको हक कार्यान्वयनमा सघाउ पुगेको विश्वास छ । यो अवस्थालाई हेर्दा राष्ट्रिय सूचना आयोगलाई प्राप्त हुने बजेटमा बृद्धि हुँदै जानु पर्ने हो । तर विगत आर्थिक वर्ष २०७४/७५ देखि मागको पनि विश्लेषण गर्ने हो भने प्रत्येक आर्थिक वर्षमा बजेट विनियोजनको आकार घट्दै गईरहेको छ । सम्झनु पर्ने विषय के पनि छ भने प्रशासनिक खर्च बढिरहेको छ । यसबाट घट्दै गईरहेको कूल बजेटमा बढ्दो प्रशासनिक (अनिवार्य खर्च) खर्चका कारण कार्यक्रममा बजेटको भार स्वभाविकरुपमा कम हुने नै भयो । यसबाट आयोगबाट सम्पादन हुनुपर्ने क्रियाकलापमा स्वभाविक संकुचन आउने अवस्था देखिएको छ ।

कोरोना महामारीको समय भएका हुँदा आयोगले माग गरेको वा अपेक्षा गरे अनुरुपको बजेट पाउन मुश्किल हुन सक्ने अवस्थाप्रति आयोग सचेत छ । फेरि यही महामारीका बेलामा सूचनाको हकको थप महत्व हुने विषयप्रति पनि सचेत रहनु पर्ने देखिन्छ । यस विषयमा माननीय अर्थ मन्त्रीज्यू तथा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूलाई बजेट सिलिङ वितरण हुनु अगाडि नै पत्र लेखी आयोगलाई आवश्यक पर्ने बजेटका बारेमा अवगत पनि गराइएको थियो । यसका बाबजुद पनि विनियोजित बजेट क्रमश: प्रत्येक वर्ष घट्दै जाने क्रम यथावत रहेकोमा यस्तो अवस्थामा सूचनाको हक कार्यान्वयनका लागि गर्नै पर्ने कार्यक्रम गर्न पनि नसकिने अवस्थाप्रति आयोग चिन्तित रहेको छ । तथापि प्राप्त बजेटबाट अधिकतम् प्रतिफल प्राप्त गर्नका लागि यथाशीघ्र कार्यान्वयनका कार्ययोजना, तयारी तथा अन्य कार्यहरू सम्पन्न गर्ने गरी कार्य अगाडि बढाउन सचिवालयलाई निर्देशन दिने निर्णय गरेको छ ।

२. सूचना आयुक्तहरुको विश्वव्यापी सञ्जाल को प्रत्येक वर्ष आयोजना हुने वार्षिक बैठक गत वर्ष कोरोना महामारीका कारण सम्पन्न हुन सकेन । महामारी कायमै रहेको हुँदा यस वर्षको बैठक यही जुन २३ र २४ मा भर्चुअलरुपमा आयोजना हुने भएको छ । उक्त कार्यक्रममा आयोगका तर्फबाट पहिलो दिनको बैठकमा प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरूङ्ग, आयोगका सचिव श्री भगिरथ पाण्डेय र उपसचिव श्री फणिन्द्र दाहालले भाग लिने । त्यसैगरी उक्त बैठकको दोस्रो सत्रको बैठकमा सूचना आयुक्त श्री कमला ओली थापा, सूचना आयुक्त श्री रत्नप्रसाद मैनाली र उपसचिव श्री कपिल प्रसाद उपाध्यायले भाग लिने निर्णय भयो ।

३. पुनरावेदनको कारबाही र किनारा गर्ने कार्यविधि, २०७८ लाई स्वीकृत गरी आजैका दिनदेखि लागु गर्ने निर्णय भयो ।

<u>विविध</u>

(क) आयोगको रणनीतिक योजनालाई अन्तिम रुप दिनको लागि आयोगको तर्फबाट प्रतिक्रिया तुरुन्तै पठाउने निर्णय भयो ।

(ख) अन्य विविध विषयमा छलफल भयो ।